नगर कार्यपालिकाको ४६ औं बैठक

आज मिति २०८१।९।१० गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैहे | - |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | - |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | - |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | - |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | - |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | - |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | - |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत:-

श्री कमल प्र. पाण्डे

श्री ईश्वरी प्र. तिवारी

निर्णय नं.- १

यहि पौष २६ गते हुने नगरसभाका लागि शाखाहरु एवं विषयगत समितिहरुले आवश्यक कानुनहरु तयार गरि विधायन समितिमा छलफल गराई कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- २

वालिङ नगरपालिकाको कृषि, पशु प्रर्वद्धन कार्यक्रम संचालन प्रयोजनका लागि मुक्तिनाथ विकास बैङ्कमा खाता खोल्ने निर्णय गरियो।

निर्णय नं.– ३

वालिङ नगरपालिकामा खानी/ खनिज सम्बन्धित विषयमा अध्ययन गर्न सम्पर्क ब्यक्ति तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. - ४

यस वालिङ नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा संस्थाहरुको संगठन संरचना तथा व्यवस्थापन सर्भे (O & M) गर्ने निर्णय गरियो ।

निर्णय नं.- ५

वालिङ नगरपालिकाको सार्वजनिक सुनुवाई यही पौष १२ गते गर्ने भनिएकोमा समय अभावका कारणले आगामि मिति २०८१ पौष १८ गते गर्ने निर्णय गरियो ।

निर्णय नं.– ६

नगरपालिकाको प्रेस संयोजकको रुपमा हरि प्रसाद सुवेदीलाई (सुशिल) चौथो तह सरहको सुविधा पाउने गरि नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.– ७

एन्फा लिग महिला फुटवल प्रतियोगितामा वालिङको टिममा सहभागी भई प्रथम चरणमा भाग लिएका युगाण्डाका चारजना खेलाडीहरुको भिसा अवधि सकिएको एवं फिर्ता हुने प्लेन टिकटको मिति नजिक आएको हुँदा उहाँहरुले दोश्रो चरणको खेल खेल्न नसक्ने भएको हुँदा खेलमा पुऱ्याएको योगदान प्रति धन्यवाद दिदै स्वदेश फिर्ता गर्ने र वालिङको टिम दोश्रो चरणमा खेल्नका लागि काठमाण्डौ पठाउने साथै विदेशी खेलाडीहरुको अभ्यास र आवासको लागि ~~जमल होटलमा~~ होटल गाउँबेसी प्रा.लि.मा वस्दा खाना तथा वासको निमित्त खर्च भएको रकम एवं दोश्रो चरणमा खेल खेल्दा लाग्ने रकम खेलकुद विकास कार्यक्रम बजेट शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.– ८

वालिङ १४ को डुम्रेभञ्याङ, सिरवानी र कपासे जाने सडक पहिरो गई जोखिमा रहेकोले प्राविधिक मुल्याङ्कनका आधारमा लाग्ने रकम मागमा आधारित साना पूर्वाधार शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.– ९

यस नगरपालिकाको रिक्त रहेको विधायन समितिको सदस्यमा वडा नं ६ का वडा अध्यक्ष श्री श्याम कृष्ण श्रेष्ठलाई मनोनयन गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको ४७ औं बैठक

आज मिति २०८१।९।२५ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | — |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | — |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत :- श्री चन्द्र प्र. पाण्डे [illegible]
श्री ईश्वरी प्र. तिवारी [illegible]

**निर्णय नं. - १**

आ.व. २०८१।०८२ को वार्षिक नीति बजेट तथा कार्यक्रम अनुसार वडा कार्यालय र शाखाहरुबाट पेश भए बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. - २**

विधायन समितिबाट पेश भएका तपसिल बमोजिमका विधेयकहरु नगर सभामा पेश गर्ने निर्णय गरियो ।

१) वालिङ नगरपालिकाको वन ऐन – २०८१
२) स्थानीय तहमा जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन – २०७८ (पहिलो संशोधन, २०८१)
३) स्थानीय मदिराजन्य पेय पदार्थ व्यवस्थापन ऐन –२०८० (पहिलो संसोधन)
४) न्यायिक समितिको कार्यविधी सम्बन्धमा व्यवस्था गर्न वनेको विधयक –२०७७ (पहिलो संशोधन)

**निर्णय नं. – ३**

हिउँदे नगर सभा २०८१ पौष २६ गते हुने भनिएकोमा तयारीको समय अभावका कारण यही पौष २९ गते नगर सभा गर्ने निर्णय गरियो।

**निर्णय नं. - ४**

प्रधानमन्त्री रोजगार कार्यक्रमको आव २०८१/८२ को विनियोजित बजेट रु ८१,१०,०००.० (अक्षररुपी एकासी लाख दश हजार) मध्ये **कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिममा** ४० जनालाई ५० दिनका लागि रु १३,६०,००० (अक्षररुपी तेह्र लाख साठी हजार) र बाँकी रु ६७,५०,००० (अक्षररुपी सतसठ्ठी लाख पचास हजार) रोजगार सिर्जनाका लागि तपशीलका योजना कार्यान्वन गर्ने गरी संशोधनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै प्रदेश सरकार वित्तीय समानीकरण अनुदानको महिला लक्षित सीप विकास कार्यक्रममा

विनियोजित वजेट रु ५,००,०००.० (अक्षेरुपि पाँच लाख रुपैया) लाई पूर्व सिकाई मान्यता विधिबाट सीप परीक्षणमा शिर्षक नामाकरण गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. –५**

सरसफाई केन्द्रमा रहेको फोहोरजन्य सामाग्रीहरुबाट बिक्री हुने सामाग्रीहरु छुटयाई राखिएकोमा उक्त सामाग्रीहरु हाल जुन जे अवस्थामा छन सोही अवस्थामा नै लैजाने आसयको सूचना प्रकाशित गर्ने र खरिद गर्ने आसय सहित दरभाउ पत्र पेश गरेकोमा सबैभन्दा वढी दररेट पेश गर्ने फर्मलाई नियमानुसार बिक्री वितरण गर्ने निर्णयका लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. –६**

वालिङ नगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धि कार्यविधी – २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. –७**

वालिङ नगरपालिकाको मिति २०८१ साल श्रावण महिनादेखि पौष २४ गतेसम्मको आय र व्ययको विवरण जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. –८**

वालिङ नगरपालिकामा नियमानुसारको करार सम्झौता गरी कार्यरत कार्यालय सहयोगीहरुको २०८१ साल माघ महिनादेखि पारिश्रमिक रकम वापत रु २० हजार उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. –९**

२०८१ पौष २९ गते हुने नगर सभामा विषयगत समितिको प्रतिवेदन संयोजकज्यूहरुले पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. –१०**

वालिङ नगरपालिका र मुक्तिनाथ लाईभस्टक बैंक लिमिटेड विच कृषकहरुले उत्पादन गरेको खसि/ वोका विक्रि वितरण गर्ने सम्बन्धमा सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. – ११**

वालिङ नगरपालिका अन्तरगत रहेका सडकहरु १) वि. पि. चोकदेखि खरिवोट मिर्दी २) वालिङ वडा नं. २ र ३ जोड्ने सिमलचौपारीदेखि माझकोट वडा कार्यालयसम्मको सडक ३) बैरे देखि सि. टि. ई. भि. टी. सम्मको सडकहरुको स्तरोन्नती गर्न नागरिकहरुको जन दवाव तथा वडा कार्यालयसम्मको सडक जिर्ण भएको साथै विद्यार्थीहरुको आवत जावत गर्न समस्या भएको हुँदा माथि उल्लेखित ३ वटा सडकहरुको स्तरोन्नती कार्य गर्न चालु आ. व. मा बजेट ब्यवस्था नभएको साथै आगामी सत्रौं नगर सभा मार्फत बजेट ब्यवस्थापन गर्नका लागि चालु आ. व. २०८१।०८२ मा समपुरक अनुदान रकमबाट संचालित हुने योजनाहरुको बोलपत्र भै सकेको हुँदा बोलपत्रमा घटेको रकमबाट चालु आ. व. मा योजना कार्यान्वयन गर्न र वाँकी नपुग रकम आगामी आ. व. २०८२।०८३ मा योजना दायित्वको रुपमा सृजना गर्ने गरि प्रति सडकको लागि रु १ करोडका दरले लागत अनुमान तयार गरी माथि उल्लेखित योजना कार्यान्वयनका लागि बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. – १२**

यस वालिङ नगरपालिका क्षेत्र भित्र उत्पादन हुने स्थानीय मदिराजन्य पेय पदार्थलाई व्रान्डीङ गर्न यस नगरपालिकाको नगर सभाबाट स्विकृत स्थानीय मदिराजन्य पेय पदार्थको ब्यवस्थापन ऐन २०८० बमोजिम व्रान्डिङ कार्यको लागि परामर्शदाताले पेश गरेको दररेटहरुमा तुलनात्मक विवरण अध्ययन गरि मिति २०८०।०९।०४ मा नगर प्रमुख स्तरीय निर्णय बमोजिम व्रान्डिङ कार्यका लागि दिईएको कार्यदिश बमोजिम कार्यदिशको म्याद २०८०।०९।०४ देखि २ महिना भित्र प्रतिवेदन पेश गर्ने भनिएकोमा विविध कारणवस कार्य सम्पन्न नभई मिति २०८१।०९।०१ गतेका दिन परामर्शदाता श्री टप नेपाल ईन्टरनेशनल प्रा लि ले कार्यसम्पन्न भएको भनि निवेदन पेश गरेकाले सो को म्याद २०८१ माघ मसान्तसम्म म्याद थप गरि कार्यदिश तथा प्रतिवेदनका आधारमा चालु आ व २०८१।०८२ को परामर्श शिर्षकमा विनियोजन भएको रकमबाट रु ४९९९९९.० (भ्याट समेत) भुक्तानी दिने निर्णय गरियो ।

नगर कार्यपालिकाको ४५ औं बैठक

आज मिति २०८१।९।२९ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैहे | - |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छबिलाल आले | - |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | - |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | - |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री ङण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल ढुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय ढुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | - |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | - |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत:- श्री कमल प्र. पाण्डे

श्री ईश्वरी प्र. तिवारी

मिति २०८१ पुष २९ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. – १**

वालिङ नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०९।२५ गतेको निर्णय नं. २ बमोजिम विधायन समितिबाट पेश भएका विधेयकहरु संशोधनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. – २**

यस वालिङ नगरपालिका कार्यालयमा रहेको मेसिनरी औजार ब्याक्हु लोडर ६ वर्ष पुरानो भई मर्मत कार्य गर्न धेरै रकम लाग्ने र कार्य सम्पादनमा समेत समस्या आएको हुँदा पटक पटक मर्मत गरि संचालन गर्न कठिनाई भएको साथै यस वालिङ नगरपालिका ग्रामिण क्षेत्रका वडाहरुमा कच्ची सडकहरु बढी भएको हुँदा नगरवासीहरुको माग निवेदन बमोजिम कच्ची सडकहरु सरसफाई गरि यातायात सुचारु गर्नु पर्ने हुदा हाल भएको मेसिनरि औजार ब्याक्हु लोडरबाट उक्त कार्य गर्न कठिनाई भएकोले चालु आ.व. मा विनियोजित भएको रकम मध्येबाट श्रोतलाई मध्यनजर गर्दै ब्याक्हु लोडर खरिद कार्य गर्न सार्बजनिक खरिद नियमावली २०६३ को परिच्छेद ५ दफा ३१ ख बमोजिम क्याटकल सपिङ विधिबाट खरिद कार्य गर्ने बजेट व्यवस्थापनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. – ३**

वालिङ नगरपालिकाको न्यायीक समितिको कार्यविधीका सम्वन्धमा ब्यवस्था गर्न वनेको विधयक २०७७ को पहिलो संसोधन सम्बन्धी प्रस्ताव २०८१ संशोधनका लागि तिन महले तयार गरि विधायन समितिबाट संशोधनका लागि पेश भएकोले पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो साथै यस वालिङ नगरपालिका अन्तरगत रहेका मेलमिलापकर्ताहरुको स्वास्थ्य विमा गर्न चालु आ व २०८१।०८२ को न्यायीक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता विकास शिर्षकमा विनियोजन भएको बजेट तथा कार्यक्रमबाट स्वास्थ्य विमा बापतको रकम भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. – ४**

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री तेजराज शर्मा र लेखा अधिकृत श्री ज्ञानप्रसाद अर्यालको संयुक्त दस्तखतबाट खाता संचालन भई आएकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८१।०८२ च.नं. ६६८ मिति २०८१।०६।०६ गतेको प्राप्त पत्रानुसार यस नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी सरुवा भई यस कार्यालयमा हाजिर हुनु भएकोले अव उप्रान्त देखि प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी र लेखा शाखा प्रमुख लेखा अधिकृत श्री ज्ञान प्रसाद अर्यालको संयुक्त दस्तखतबाट गरिमा विकास बैंक वालिङ शाखामा नगर कार्यपालिकाको कार्यालयको विउ पूजी कोष खाता संचालन गर्ने निर्णय गरियो । साथै सो खातामा रहेको रकम नगर विकास कोषलाई ऋण तिर्न बाँकी रहेकाले सो रकमबाट ऋण/ साँवा ब्याज भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. – ५**

एन्फा लिग महिला फूटबल प्रतियोगितामा वालिङको टिम प्रथम र दोश्रो चरणमा सहभागि भई खेलमा सहभागिता भैरहेको हुदा खेल ब्यवस्थापनमा लाग्ने चालु आ.व. मा विनियोजित खेलकुद विकास शिर्षकबाट रकम खर्च गर्न अपुग भएको हुदा उक्त खेल तथा स्थानीय खेल ब्यवस्थापनका लागि वजेट व्यवस्थापन गर्न नगर सभामा रकमान्तरका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. – ६

सरसफाइ केन्द्रमा रहेका पुन प्रयोग हुन सक्ने परिणाम नखेलेका फोहोरजन्य सामाग्रीहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढमा लैजाने आसयको सुचना प्रकाशित गरी सबैभन्दा बढि रकम कबुल गर्ने दर्तावाला फर्मलाइ नियमानुसार बिक्री वितरण गर्न सुचना प्रकाशित गर्ने निर्णय गरियो

निर्णय न ७

यस कार्यालयद्धारा संचालन भईरहेको वालिङ बसपार्क निर्माण कार्यमा विजुलीको मेललाईन तार परेको हुदा निर्माण कार्य गर्न समस्या देखिएकोले वि.पि.सि कार्यालयबाट उक्त तार/लाई व्यवस्थापन गर्न कार्यालयको बजेट नभएको भनी पत्र प्राप्त भएकोले यस कार्यालयवाट सो तार/लाईन व्यवस्थापन गर्न अतिनै आवश्यक भएकोले वालिङ वसपार्क निर्माणमा विनियोजना भएको बजेटवाट खर्च गर्ने गरी पेश भए बमोजिमको लागत अनुमानको तार/मेनलाईन व्वस्थापन गर्ने निर्णय गरियो ।

निर्णय न ८

यस नगरपालिकाको आ.व. २०८१/२०८२ को बार्षिक बजेट तथा कार्यक्रममा विपद् व्यवस्थापन शिर्षकमा निवियोजना भएको बजेटबाट विपद व्यवस्थापन कार्यका रकम नपुग हुने भएकोले चालु आ.व.को बजेट तथा कार्यक्रमबाट व्यवस्थापन गर्न स्रोतको यथोचित खोजि गरी आवश्यक व्यवस्था तथा रकमान्तर गर्न नगर सभमा पेश गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको ४८ औं बैठक

आज मिति २०८१।१०।२४ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | [signature] |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैहे | - |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | [signature] |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | प.तेप्रसाद [illegible] |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | [signature] |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | [signature] |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | [signature] |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | [signature] |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | [signature] |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | [signature] |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | - |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | [signature] |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | [signature] |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | [signature] |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | - |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | [signature] |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | - |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | [signature] |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | युगमाया |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | - |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | [signature] |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | - |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | [signature] |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | [signature] |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | [signature] |

आमन्त्रीत

प्र.स्वा.अ. - केमल प्र. पाण्डे [illegible]

ले.अ. - ईश्वरी प्र. तिवारी

**निर्णय नं.- १**

यस वालिङ नगरपालिकामा गाभिन आएका साविकका गा.वि.स. हरुमा साविकमा निर्माण भएका र तत्कालिन नगरपालिकाका क्षेत्रहरुमा निर्माण भएका अभिलेखिकरण हुन बाँकी घरहरुको सम्बन्धमा घर धनिहरुबाट अभिलेखिकरणका लागि नक्सा सहित नगरपालिकामा निवेदन दर्ता हुन आएमा नगरपालिकाको निर्णयानुसार आगामी २०८२ आषाढ मसान्तसम्म यस्ता घरहरुको घर नक्सा अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.- २**

यस वालिङ नगरपालिका वडा नं. १० स्थायी ठेगाना भएका श्री निर्दोष कुमाल थापाका नाममा रहेको स्पन्दन कन्स्ट्रक्सन प्रा.लि. "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र सम्बन्धित निकायहरुबाट वालिङ नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भएका श्री मदन कुमार श्रेष्ठका नाममा नामसारी भई आएकोले यस नगरपालिकाबाट पनि उक्त "घ" वर्गको ईजाजत पत्र नामसारीका लागि श्री मदन कुमार श्रेष्ठले मिति २०८१।१०।२१ मा दिनुभएको निवेदन अनुसार र संलग्न प्रमाणहरुका आधारमा स्पन्दन कन्स्ट्रक्सन प्रा.लि. प्रो. निर्दोष कुमाल थापा वालिङ - १० का नामबाट निवेदक प्रो. श्री मदन कुमार श्रेष्ठका नाममा नामसारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ३**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) २०७७ बमोजिम आ.व. २०८०/०८१ को स्वमूल्याङ्कन गर्दा ८५.५० अंक प्राप्त भएको र स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (FRA) २०७७ बमोजिम आ.व. २०८०/०८१ को मूल्याङ्कन गर्दा ९१.५० अंक प्राप्त भएकोले उक्त नतिजाहरु सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ४**

यस नगरपालिकाको ५१ सदस्यीय सल्लाहकार समिति मध्येबाट गठित विषयगत विधा ( थिमेटिक ग्रुप ) का संयोजकहरुसंग साथै शिक्षा, कृषि, राजश्वका विधाका सदस्यहरु सहित काठमाण्डौमा बैठक बस्ने निर्णय गरियो साथै संघिय वजेट निर्माण शुरु हुन लागेकाले सबै सल्लाहकारज्यूहरुलाई योजना तथा कार्यक्रम पार्नका लागि आ आफ्नो तहबाट सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ५**

नगर कार्यपालिकाका सदस्यहरु सहितको टिम अन्य नगरपालिकाका असल अभ्यास, अनुकरणीय कार्य, सुशासन लगायतका विषयमा अध्ययन अवलोकन गर्नका लागि पूर्वी नेपालका नगरपालिकाहरुको भ्रमण गर्ने निर्णय गरियो ।

निर्णय नं. – ६

वालिङ नगरपालिका ४ नं. वडा कार्यालयको नाममा नापनक्सा भएको साविकको माझकोट शिवालय गा.वि.स.-७ रहेको कित्ता नं. ६५० क्षेत्रफल २-८-०-० को जग्गा माझकोठ शिवालय -७ निवासी रनविर गुरुङको नाति , हर्क बहादुर गुरुङको छोरा, ईन्द्र बहादुर गुरुङको नामबाट कित्ता नं. ५०१ र ६०४ को पूर्व उत्तर तर्फको क्षेत्रफल २-८-०-० जग्गा निःशुल्क दान दिन मन्जुर भएकोमा भुलवस कि. नं. ५०१ को जग्गाबाट मात्र कित्ताकाट भई आएकोले सो गल्तीलाई सच्याई कित्ता नं. ५०१ र ६०४ को पूर्व उत्तर तर्फको जग्गा सँग सट्टा पट्टा गरिदिन वडा कार्यालयको मिति २०७५।०२।२२ को निर्णयबाट सिफारिस गरिदिनु भनि आएकोले सम्बन्धी निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. – ७

यस वालिङ नगरपालिका कार्यालयको चालु आर्थीक वर्ष २०८१।०८२ मा संघिय सरकार समपुरक अनुदान अन्तरगत वालिङ आँधिखोला कोरिडोर क्रमागत योजनाको समपुरक योजनाको लागि रकम विनियोजन भएको र नगरपालिकाको समेत लागत साझेदारीमा सोही योजना संचालनका लागि रकम विनियोजन भएको हुँदा नगरपालिकाको गौरवको योजना समेत भएको हँदा विगत वर्षहरु देखिनै क्रमागत योजनाको रुपमा समावेस भई आएको हुँदा आगामी आ व मा समेत उक्त योजनालाई क्रमागत रुपमा समावेश गरी योजना संचालन गर्न अतिनै आवश्यक भएकोले उक्त योजनावाट यस कार्यालय द्वारा संचालन गरिएको सरसफाई केन्द्र सम्म जाने सडक अन्तरगत पर्ने हुँदा अर्मादी खोलामा पक्की पुल निर्माण कार्य गर्न कार्यालयबाट वृस्तित परियोजना प्रतिवेदन DPR समेत तयार भई स्विकृत भएको हुँदा DPR वमोजिमको निर्माण कार्य गर्न चालु आ व मा रु ३ करोडको वजेट व्यवस्था भएको र प्राविधिक लागत अनुमान वमोजिम ४ करोड ४६ लाख ६१ हजार ४ सय ९८ रुपैया लागत अनुमान भएको हुँदा उक्त लागत अनुमान स्विकृत गरि बाँकी रकम आगामी आ व लाई दायित्व सृजना हुने गरी मिति २०८१।०९।२५ गतेको नगर प्रमुख स्तरिय निर्णय भई कार्यप्रकृया अगाडि वढेको हुँदा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।